५. कार्यसमिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

६. संस्थाको विधान संशोधन गर्ने ।

७. आवश्यकता अनुसार सल्लाहकार मनोनयन गर्ने ।

८. संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

९. आवश्यक नीति नियम बनाउने ।

१३. संस्थाको निर्वाचन सम्बन्धी व्यवस्था :

साधारण सभाबाट नयाँ नेतृत्व चयन गर्नका लागि संस्थाले निर्वाचनमा भाग नलिने व्यक्तिको संयोजकत्वमा साधारण सदस्यहरु मध्येबाट ३ जनाको निर्वाचन मण्डल गठन गर्न सक्नेछ । निर्वाचन सम्बन्धि प्रक्रिया निर्वाचन मण्डलले तोके बमोजिम हुनेछ ।

१४.आर्थिक व्यवस्था :

१.संस्थाको देहायबमोजीम आर्थिक स्रोत हुनेछ

क.सदस्यता बाट प्राप्त सुल्क ।

ख.सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।

ग. संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।

घ) संस्थाका सदस्यहरुको बचत निच्छेप ।

ङ) संस्थाका सदस्यहरुलाई ऋण परिचालन ।

च) अन्य आम्दानी ।

१५. संस्थाको कोष सञ्चालन सम्बन्धि व्यवस्था :

टोल विकास संस्थाले निम्न बमोजमिका बहिखाता द्धारा कोष संचालन राख्नुपर्नेछ ।

क) बैठक निर्णय पुस्तीका ।

ख) पासवुक

ग) गोश्वारा भौचर

घ) व्यक्तिगत बचत खाता

ङ) ऋण निवेदन फाराम

च) नगदी रसिद

छ) मुख्य खाता

ज) सन्तुलन परीक्षण खाता

१६. संस्थाको आर्थिक कारोबारो दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम राख्नुपर्नेछ ।

